OPEN MIC NEPAL
Listen. Verify. Report

अङ्क १६
कार्तिक २, २०७२

ओपन माईक नेपाल बुलेटिनको सोह्रौँ अङ्कमा स्वागत छ। 'ओपन माईक' भूकम्प प्रभावित जिल्लामा चलेका हल्लाहरु तथा अन्योलपूर्ण सवाललाई एक ठाउँमा ल्याई त्यसभित्रको यथार्थ पता लगाएर मानवीय सहयोगका काम गरिरहेका संघसंस्थाहरु, सञ्चार माध्यम एस्थानीय समूदायलाई सहि सूचना पु¥याउनमा केन्द्रित छ। हल्ला फैलिएर क्षति हुन नपाउँदै हल्ला र यथार्थ छुट्याएर सञ्चार माध्यमहरु र भूकम्प पिडितको हितमा काम गर्ने संघसंस्थाहरुलाई उपलब्ध गराउनु र उनीहरु मार्फत समुदायमा रहेका अस्पष्टता हटाउनु हाम्रो ध्येय हो।

# हल्ला

## संखु, काभ्रेपलाञ्चोक

" अस्थायी बसोबासको लागि प्रथम चरणको १५ हजार रुपैयाँ सबैलाई आवश्यक भएकोले खासै राम्रो निरिक्षण नभएको तर अब दिने २ लाखसम्मको सहयोग भने घर बनाउनेलाई मात्र दिने र कागजपत्रमा बढी कडाई गरिने भन्ने कुराहरु गाउँमा सुनिएका छन्।"



## जन्तरखानी, ओखलढुङ्गा

"राहत लिँदा ससुराले मात्र लिए। हामीलाई घरै छैन भनेर दिएनन्। एउटै घरमा दुई परिवार बसेपछि राहत पनि पाउनुपर्छ, भन्ने माग छ।"

## हाँडीखोला, ओखलढुङ्गा

"मुल्याङ्कन आएको टोलीले पूर्ण क्षति लेख्यो तर अन्यको तुलनामा कम जोखिममा रहेको छ। अरुले मुद्दा हाले भने जेल जानुपर्छ भन्छन्।"

## कमलामाई, सिन्धुली

"बस्न नमिल्ने गरी चर्किएको घरलाई आंशिक क्षति भनियो। अनुगमन टोलीले प्रत्येक घरमा गएर अनुगमन गरिदिए हुने थियो।"

# यथार्थ

मर्मत गरेर बसोबास गर्न सुरक्षित नदेखिएका घरलाई पुर्ण क्षति मानेर सोहि अनुसार राहत र पुनर्निर्माणका लागि भूकम्प पिडित परिवारलाई सहयोग गर्ने निर्णय सरकारले गरेको छ।

गाविस सचिव, नगरपालिकाका कार्यकारी अधिकृत तथा स्थानीय राजनीतिक दल रहेको संयन्त्रले पिडितको पहिचान गर्ने व्यवस्था थियो।

एउटै घरमा बसेको भएपनि फरक चुल्हो गरी परिवारका रुपमा बसेको प्रमाणित भएमा त्यस्ता परिवारलाई छुट्टै परिचय पत्र वितरण गरेका उदाहरण छन्।

स्थानीय निकायले गरेको क्षति निर्धारण र परिचयपत्र वितरणमा चित्त नबुझेमा जिल्ला दैवि प्रकोप उद्दार समितिमा निवेदन दिन सकिन्छ। निवेदन परेमा थप छानविन हुन्छ। तर, बिना उजुरी सरकारी टोली सबै घरमा अनुगमनका लागि आउँदैन।

तपाईँले झुट्टो विवरण पेश गरेर परिचय पत्र लिएको अवस्थामा बाहेक कसैले उजुरी गर्दैमा जेल जानु पर्दैन।

स्थायी आवास निर्माणमा सरकारले गर्ने भनेको सहयोग उपलब्ध गराउनु अघि क्षतिको विस्तृत अध्ययन गर्ने सरकारको योजना छ। तथ्याङ्क विभागले यस्तो अध्ययन गर्नेछ।

अध्ययन टोलीले गर्ने अध्ययनबाट पहिले क्षति निर्धारणका क्रममा कमी कमजोरी भएको भए त्यस्तो कमजोरी हट्न सक्छ।


यादव सुवेदी
प्रमूख जिल्ला अधिकारी
ओखलढुङ्गा
९८५२८७७७७७

रवि शाह
उप महानिर्देशक
शहरी बिकास तथा
भवन निर्माण विभाग
०१४२६२३६५ एक्स्टेन्सन ६५

## हल्ला

### डाँडागाउँ, रसुवा
"विस्थापित भई यस ठाउँमा बसोबास गर्न आएका वालवालिकालाई जाडो महिनाको लागि सरकारले ज्याकेटको व्यवस्था गरे हुन्थ्यो।"

### गोरखा बजार, गोरखा
"भूकम्प पिडितहरुलाई जाडोमा ज्याकेट दिन्छन् भन्ने हल्ला छ।"



### मेलुङ, दोलखा
"सरकारले २ लाख दिने भन्ने सुनेको छु। कहिले दिने हो ? वर्षा याममा पनि कटेरोमा डर त्रासले बित्यो। अब जाडो याम शुरु भयो, अहिलेसम्म दिने कुरा भएको छैन। जाडो याममा कसरी रात बिताउने हो, कठ्यांग्रिएर मरिएला भन्ने डर लागेको छ।"

### कुशादेवी, काभ्रेपलाञ्चोक
"पिडितहरु जाडोले मर्नु भन्दा बरु जे होला होला भन्दै टहराबाट घरतिर सरेका छन्।"

## यथार्थ

संघ संस्थाहरुले कार्तिक दोस्रो साताबाट भूकम्पले घर पूर्ण रुपमा क्षति भएका परिवारका लागि 'जाडो प्याकेज' वितरण गर्ने योजना बनाएका छन्।

स्थानीय निकाय र आवास उपसमितिको निर्धारण गरे बमोजिम १५ सय मिटर भन्दा माथिका जोखिममा रहेका परिवारलाई प्राथमिकताका आधारमा 'जाडो प्याकेज' उपलव्ध गराइने छ।

सामान्य 'जाडो प्याकेज' मा टोपी, जाकेट लगायतका न्यानो लुगा; डस्ना, फोम, म्याट जस्ता विच्छौनाका सामग्रीहरु र त्रिपाल, फोम लगायत चिसो छेक्ने सामग्री हुनेछन्। दुई हजार मिटर भन्दा माथिका बस्तीका लागि सुधारिएको चुलो र सोलार बत्ती पनि हुनेछन्।

उँचाई देखाउने नक्सा अनुसार गोरखा बजार १५ सय मिटर भन्दा तल पर्ने भएकोले यहाँका भूकम्प प्रभावितले 'जाडो प्याकेज' पाउँदैनन्। दोलखाको मेलुङ्को पश्चिमी भेग र जफेका धेरैजसो ठाउँ भने 'जाडो प्याकेज' पाउन योग्य छन्। रसुवाको डाँडागाउँ र काभ्रेपलाञ्चोकको कुशादेवी गाबिसका पिडित परिवार पनि यसका लागि योग्य छन्।

क्षतिग्रस्त घर जति बेला पनि भत्कन सक्ने हुनाले घर फर्कनु खतरापूर्ण हुन सक्छ। अस्थायी आवासलाई न्यानो बनाउन भुईं तथा छानोको भित्र र बाहिर त्रिपाल, खर, पराल, काठ आदिको प्रयोग गर्न सुझाव दिइन्छ।

ओछ्यान मुनि काठको फलेक, गुन्द्री, त्रिपाल, म्याट आदिको प्रयोग गरेर आछ्यान अग्लो बनाएर भुईंको चिसो लाग्नबाट जोगिनु पर्छ। घरभित्र आगो बालेर ताप्नु हुन्छ भने झ्यालबाट हावा छिर्ने बाटो वा झ्याल खुलै राख्नुपर्ने हुन्छ।

सञ्जिव हाडा
आवास उपसमिति संयोजक
९८५१०४७०७१

# हल्ला



## सलाङ, धादिङ

"गाँउमा घर बनाउने मानिसहरू समेत पाउन कठिन भएको र पाएमा पनि धेरै ज्याला लिने गरेको पिडितहरू बताउँछन्।"

## मैलुङ, गोरखा

"दुई हजार दिएर डकर्मीको तालीम लिनको लागी फर्म भर्नुपर्छ रे। त्यो तालीम लिए पछि रु. ३० हजार तलब दिएर जागिर लगाइदिन्छ भन्ने हल्ला छ। फर्म कहाँ पाइन्छ होला ?"

## नौबिसे, धादिङ

"भूकम्प पछि सामान्य कामदारको ज्यालामा त वृद्धि भएको छ। घर बनाउने दक्ष कामदारको ज्याला त झन् बढि हुन्छ। कसरी घर बनाउनु ?"

## निम्जुङ, गोरखा

"गाउँका युवाहरूलाई घर बनाउने तालिम दिएर घर बनाउन लगाउने रे भन्ने हल्ला छ।"

## कुशेश्वर, सिन्धुली

"गाउँमा दक्ष जनशक्तिको अभाव रहेको छ।"

# यथार्थ

ध्वस्त संरचनाको पुनर्निर्माणका लागि भूकम्प प्रभावित जिल्लामा ५० हजार युवालाई सिपमूलक तालिम दिने नेपाल सरकारको आर्थिक बर्ष २०७२/७३ को बजेट वक्तव्यमा उल्लेख छ।

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, व्यसायिक तथा सिप विकास तालिम केन्द्र लगायत नेपाल सरकारका तालिम प्रदायक संस्थाहरू तथा गैर सरकारी संघ संस्थाहरूले प्रभावित जिल्लाहरूमा भूकम्प प्रतिरोधी घर निर्माणका लागि डकर्मी तालिम दिदैछन्।

यसका लागि तालिम प्रदायक संघ संस्थाहरूले शहरी बिकास तथा भवन निर्माण विभागसँग समन्वय गर्नुपर्छ। तालिम सम्बन्धि जानकारी जिल्लामा रहेका शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय र स्थानीय निकायबाट लिन सकिन्छ।

तालिमको मिति, समय र स्थानका बारेमा स्थानीय रेडियोहरूबाट पनि कम्तिमा सात दिन अगावै सूचना दिइने छ।

भूकम्प प्रतिरोधी घर बनाउन तालिम लिन चाहने व्यक्तिले सम्बन्धित संस्थाले तोके बमोजिम फारम भरी निवेदन दिनुपर्छ। प्रशिक्षार्थीले शुल्क तिर्नु पर्दैन। तालिम प्रदायक संस्थाले प्रशिक्षार्थीलाई न्यूनतम दैनिक भत्ता उपलब्ध गराउने छन्।

सरकार वा संस्थाहरूले प्रशिक्षार्थीहरूको रोजगारीको सुनिश्चितता गर्दैनन्। दक्ष जनशक्तिबाट काम गराउने कुरा घरधनीमा भर पर्नेछ। जिल्ला विकास समितिले न्यूनतम ज्याला कायम गरेको भएपनि कामदार र घरधनी बिचको समझदारीका आधारमा ज्याला निर्धारण हुन्छ।

महेश भट्टराई
तालिम महाशाखा प्रमूख
प्राविधिक शिक्षा तथा
व्यवसायिक तालिम परिषद्
९८४१३९८०४२

प्रतिज्ञा मानन्धर
इन्जिनियर
खानी तथा भूगर्भ विभाग
०१-४२६२३६५

# हल्ला

## लहरेपौवा, रसुवा

"सरकारले भूकम्प पिडितहरूलाई दशैं खर्च २५ हजार दिन्छ भन्ने कुरा सुनेका छौं, दिन्छ त ?"

## लहरेपौवा, रसुवा

"भूकम्पका कारण विस्थापित भएका हामीलाई दशैंले पिरोलेको छ। हामी सरकारले दशैंको लागि केहि राहत दिन्छ कि भन्ने आशमा छौ।"

## मेलुङ, दोलखा

"भूकम्प प्रभावित जिल्लाका पिडितहरूलाई सरकारले दशैंमा खसी दिन्छ भन्ने सुनिएको छ। के हो, कहाँ बाड्ने हो थाहा छैन।"

## त्रिपुरेश्वर, धादिङ

"सरकारले केहि रकम दशैं खर्च बापत दिए राम्रो हुन्थ्यो।"



## लाकुरीडाँडा, दोलखा

"भूकम्प लगतै राहत दिन भनेर कति संस्थाहरू आए। त्यतिबेला कति खाद्यान्न त कुहिएर गयो। अहिले यस्तो बेला कोहि आउँदैनन्। बरु दशैंको लागि कुनै संस्थाले खाद्यान्न वितरण गरिदिए हुन्थ्यो नि।"

## बडिखेल, ललितपुर

"१५ हजारले के नै हुन्छ र बाँकी रकम चाँडै पाए स्थायी आवासको जोहो गर्न पाईन्थ्यो। टहरामा बसेर चाडबाड कसरी मनाउने ?"

## कुशेश्वर, सिन्धुली

"चाड पर्व नजिकिएकोले आर्थिक अभावमा स्थानीय पिरोलिएका छन्। कसैले दशैं-तिहारका लागि सहयोग गरिदिन्छन् कि भन्ने आशमा रहेको पाइएको छ।"

## रयाले, काभ्रेपलाञ्चोक

"टहरोको जिवन उसै त कठिन छ, नजिकिएको चाड कसरी मनाउने थाहा छैन।"

## कुशादेवी, काभ्रेपलाञ्चोक

"सरकारले दशैंअघि ३५ हजार दिँदैछ भन्ने सुनेका थियौं।"

## भिमखोरी, काभ्रेपलाञ्चोक

"दशैं मनाउनका लागि खाद्यान्नको पनि आवश्यकता छ।"

यथार्थ अर्को पृष्ठमा

## यथार्थ

सरकारले दशैं-तिहारको अवसर पारेर भूकम्प पिडितका लागि बिशेष राहत (नगद, खसी, खाद्यान्न) को व्यवस्था गरेको छैन ।

जिल्ला दैवि प्रकोप उद्दार समितिहरूले राहत वितरणको कार्य सम्पन्न गरी कृषि, पशुपालन लगायतका जनजिविकाका कार्यक्रम सञ्चालन गर्न लागिरहेका छन् । भूकम्प प्रभावित जिल्लाहरुमा विभिन्न संघ संस्थाले 'कामका लागि खाद्यान्न', 'कामका लागि नगद' लगायतका राहत कार्यक्रमलाई निरन्तरता दिने छन् ।

केहि जिल्लाहरुमा संघ संस्थाहरूले खाद्य सुरक्षाका हिसाबले संवेदनशिल मानिएका क्षेत्रमा नियमित कार्यक्रम अन्तरगत खाद्यान्न वितरण गरिरहेका छन् । दोलखा लगायत धेरै क्षेत्रमा यातायातको समस्याले वितरणमा कठिनाई परेको छ ।

विस्थापित परिवारलाई सहयोग गरिरहेका संघ संस्थाहरूले आवश्यकता अनुसार खाद्यान्न र अन्य राहत सामग्री वितरण गरिरहने छन् ।

भूकम्प प्रभावित जिल्लाका केहि गाउँमा परिवारहरु मिलेर चाडपर्व मनाइरहेका छन् । गोरखाको गाउँहरूमा दशैँलाई सहज र रमाइलो गरी बनाउन सामूहिक रुपमा जमरा राखिएको छ भने दशैंको दिन पारेर साँस्कृतिक कार्यक्रमको आयोजना गरिएका छन् ।

रमेश हुमागाईं
जिल्ला कृषि बिकास अधिकृत
रसुवा
९८४३१९४२९६

मान सिर्पाली
दोलखा कार्यक्रम संयोजक
एक्टेड
९८४१८७३२०३

यो अङ्कमा समेटिएका सवाल जिल्लामा रहेका स्वयं सेवकहरू र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधीबाट प्राप्त भएका हुन् । असोज १४ गतेदेखि २० गते सम्म ११ जिल्लाका करिव ७०० जना स्थानीयबासीसँग कुराकानी गरी तयार पारेका टिप्पणीहरु यो बुलेटिनको सूचनाका प्रमूख स्रोत हुन् । विषयको महत्व र सान्दर्भिकतालाई ध्यान दिएर हल्ला तथा सवालहरू छनोट गरिएका छन् ।

**ओपन माइक नेपालको अर्को अंक आगामी कार्तिक १६ गते प्रकाशित हुनेछ ।**

OPEN MIC NEPAL प्रस्तुत गर्ने संस्थाहरू
accountabilitylab
Local Interventions Group data driven development
Internews